# ओभ्रेलमा परेका काजी दामोदर पाँडे

गंगा कर्माचार्य (हाडा)

नेपालको एकीकरण अभियानमा दिलोज्यानले जुटेका धेरै भारदारहरूमा काजी दामोदर पाँडेको विशेष स्थान छ । करिब तीन दशकसम्म सैनिक र राजनीतिको क्षेत्रमा लागेर उनले जुन वर्चस्व कायम गरे, त्यसबाट उनी स्वदेशमा मात्र होइन विदेशमा पनि प्रशंसाका पात्र बन्न पुगेका थिए । नेपालको शाही सैनिक इतिहासमा युद्धकला र बहादुरीपनाका निमित्त आफ्नो नाम स्वर्ण अक्षरले लेखाउन सफल दामोदर पाँडे, समयको कुनै बिन्दुमा पुगेर एक्कासी यसरी पतनावस्थामा पुगे कि त्यसबाट नेपालको इतिहाससमेत कलङ्कित हुन पुगेको छ । वि.सं. १८६० सालमा विरोधी समूहबाट विछ्याइएको कूटनीतिको जालमा उनी यसरी पछारिए कि सफाई दिन नपाउँदै कलङ्कित चरित्र लिएर जीवन त्याग्नु पर्‍यो । उनी, उनको परिवार र समर्थकहरूको ज्यान लिएर बाँकी रहेका परिवारको ठूलो दुर्दशा गराउने साठी साल पर्वको नकारात्मक असर इतिहासमा धेरैपल्ट पर्न गयो । दामोदर पाँडेको अन्त्यसँग जोडिएकाले यो साठी साल पर्वले नेपालको इतिहासमा विशेष महत्त्व राख्छ । उक्त घटनासँग सम्बन्धित ऐतिहासिक यथार्थतालाई प्रस्तुत गर्नु नै यस लेखको मुख्य लक्ष्य रहेको छ ।

## राज त्यागपछि रणबहादुर शाहको प्रशासनमा हस्तक्षेप

राजा रणबहादुर शाहकी कान्छी महारानी कान्तवतीको स्वास्थ्यमा सुधार नभई रोग चर्कंदै गएपछि, पहिले उनले गरेको वाचाअनुसार $१^{१}/_{२}$ वर्षका युवराज गीर्वाणयुद्धविक्रम शाहलाई राज्याभिषेक दिने सम्पूर्ण तयारी हुन थाल्यो । उक्त कार्यका लागि कीर्तिमानसिंह बस्नेतले कान्छी महारानीको विशेष सेवा गरेर, रणबहादुर शाहले शासन त्याग गरेर राज्यको मामलाबाट समेत अलग्ग रहनु पर्छ भन्ने कुरामा अग्रसरता देखाए । उनकै योजनाअनुसार "बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई राजा मान्छौं" भन्ने कबुलियतनामाको ताम्रपत्र राज्याभिषेकको १७ दिन अगावै रणबहादुर शाहले भारदारहरूबाट गराए ।[१] उक्त ताम्रपत्रमा सही गर्ने ९५ जना भारदारहरूमा दामोदर पाँडेलगायत पाँडे परिवारका थुप्रै नामहरू परेका छन् । धर्मपत्रको आधारमा पाल्पाली राजा पृथ्वीपाल सेनद्वारा नेपाल अधिराज्यको राजाका रूपमा वि.सं. १८५५ फाल्गुण २८ गते गीर्वाणयुद्धविक्रम शाहको विधिपूर्वक राज्याभिषेक गराए । अभिषेकपछि भूतपूर्व राजा रणबहादुर शाहले राजधानीमा बस्नु हुँदैन भन्ने परम्परागत मान्यता रहँदै आएकोले– "राज्यको भोग जति गर्नु पर्ने हो सो गरें । अब उप्रान्त संसारको बन्धनलाई त्याग गरी तपस्या गर्ने इच्छा भयो र राज्य त्याग गरें" भनी राजा रणबहादुर शाहबाट जाहेर गराएपछि दुवै भू.पु. राजा रणबहादुर शाह र रानी कान्तवतीले गेरुवावस्त्र धारण गरी देउपाटनमा गई बस्न

*Contributions to Nepalese Studies*, Vol. 32, No. 2 (July 2005), 299–321
Copyright © 2005 CNAS/TU

थाले । रणबहादुर शाहले उक्त समयमा स्वामी निर्वाणानन्द अथवा निर्गुणानन्दको नामसमेत ग्रहण गरे ।

नावालक राजा गीर्वाणयुद्धविक्रम शाहको शासन संचालनको निमित्त रणबहादुर शाहले आफ्नै सुविधाअनुसारको काजी परिषद्को गठन गरेका थिए । उक्त काजी परिषद्मा ३ वर्षका जेठा छोरा रणोद्योत शाहलाई मुख्य चौतरा पदमा नियुक्त गरेर अर्को छोरा शम्शेर शाह, सौताने भाईहरू– विदुर शाही र शेरबहादुर शाहीलाई पनि सामान्य चौतरामा उनले नियुक्त गरेका थिए । श्री कृष्ण शाह, बलभद्र शाह, बम शाह, ज्यान शाहहरूलाई पनि चौतरियामा नियुक्त गरेका थिए । कीर्तिमानसिंह, दामोदर पाँडे, रणजीत पाँडे, रणबम पाँडे, नरसिंह गुरुङ, त्रिभुवन प्रधान (खवास) आदि ठूला जमातलाई नावालक राजाको शासन संचालनमा सहयोग रहोस् भनेर काजी परिषद्मा सामेल गराए । कीर्तिमानसिंह बस्नेत मूलकाजी भए पनि दामोदर पाँडे पहिलेदेखि नै प्रभावशाली काजी थिए ।[2] चीन र तिब्बत सम्बन्धी मामला उनका भतिजा सर्वजीत पाँडे (रणशूर पाँडेका कान्छा छोरा) को मातहतमा थियो ।[3] शासन सत्ताबाट हटेका रणबहादुर शाह, भारदारहरूले बालक राजाप्रति बफादारी निभाउने छन् र आफूलाई कुनै प्रकारको समस्या आउने छैन भन्ने कुरामा ढुक्क थिए । त्यस्तै जेठी महारानी राजराजेश्वरीलाई राज सहायक बनाएर प्रशासन चलाउन पाएकोमा भारदारहरू पनि प्रसन्न नै थिए ।

यस्तो स्थिति देशमा १ वर्ष मात्र कायम रह्यो । वि.सं. १८५६ को कार्तिकसम्म रणबहादुर शाह कान्छी महारानी कान्तवतीको उपचारमा व्यस्त रहेकाले प्रशासनमा उनले कुनै चासो देखाएनन् । तर बीच बीचमा उनले प्रशासनमा हात हाल्ने भएर काजीहरूलाई अप्ठेरोमा पार्ने चाहिँ गर्न थाले । कार्तिक महिनाको अन्तितिर कान्छी महारानीको असामयिक निधनबाट उनको मनस्थिति सन्तुलनमा रहेन र महारानीको उपचारमा असफल भएका वैद्य, पुरोहितहरूप्रति उनको अत्याचार शुरु भयो । उपत्यकाभित्रका शितला रोग लागेका बालबालिकाहरूलाई उनले चार भञ्ज्याङ कटाउने आदेश दिए । उनको उक्त व्यवहारबाट देवदेवीका मूर्ति-मन्दिरहरू पनि नराम्ररी प्रभावित भए । धार्मिक् र सामाजिक क्षेत्र नराम्रोसँग प्रभावित भएपछि उनलाई "बहुलाहा राजा" को संज्ञा पनि दिइयो र उनी जनसमक्ष अत्यन्त अप्रिय बन्न पुगे । उनले धर्मपत्रको मर्यादालाई वेवास्ता गरी, स्वामीको भेष पनि परित्याग गरी राज्यको व्यवस्थामा खुलेआम हस्तक्षेप गर्न शुरु गरेपछि, दैनिक प्रशासनमा सुगमता ल्याउन भारदारहरूलाई बचाउको उपाय सोच्न विवश तुल्यायो । फलस्वरूप फागु पर्वको वहाना गरी मूलकाजी कीर्तिमानसिंह बस्नेतले राजालाई वि.सं. १८५६ माघ १० गते काठमाण्डौबाट नुवाकोट पुऱ्याए ।

राज्य त्याग गराउनेमा सक्रीय भएका कीर्तिमानसिंह बस्नेतबाट आफूलाई धोका भएको महसूस गरी रणबहादुर शाहले नुवाकोटमै पुगेर पनि केही भारदारहरूको वेइज्जती गरे । परशुराम थापा र प्रवल राना वेइज्जतीमा परे भने रणबम पाँडे (वंशराज पाँडेका छोरा) र सरदार अमर सिंह थापालाई पनि डोरीले बाँधेर उनले जनसमक्ष वेइज्जती गरे । उनको उक्त कार्यबाट भारदारहरू चिढिएर समस्या झन



चर्कियो । उनी नुवाकोटबाट काठमाण्डौ फर्केपछि समस्याको जड भएका उनी र उनका जेठी महारानी समेतलाई थुनामा राख्नु पर्ने निर्णय नुवाकोटबाट भारदारहरूले गुप्त रूपमा गरे ।

## द्वैध शासनको सूत्रपात

नुवाकोटका भारदारहरूले रणबहादुर शाह र जेठी महारानीका विरुद्धमा गरेको निर्णयबाट असन्तुष्ट भएर चौतरिया बलभद्र शाह रातारात काठमाण्डौ आई सो भेद उनीबाट खुल्न गएपछि, रणबहादुर शाहको क्रोधको सीमा रहेन । नुवाकोटमै गएर उनले ती भारदारहरूलाई दण्ड दिने पनि विचार गरे । पछिको कुनै विचार नै नगरी उनले आफूले राज्याधिकार फिर्ता लिएको घोषणा गर्दै, नुवाकोटको काजी भारदारी सभा खारेज गरेर पुल्चोकमा नयाँ भारदारी सभाको गठन गरे । उक्त भारदारी सभामा प्रतिमान राना, रणकेशर पाँडे (दामोदर पाँडेका छोरा), जहरसिंह बस्नेत ( कीर्तिमानसिंहका दाजु), अमरसिंह थापा (छोटा) आदि सम्मिलित थिए । गीर्वाणयुद्धविक्रम शाह र रणबहादुर शाहको नयाँ गठित सरकारका तर्फबाट साधारण जनता र सेनाका नाममा आदेशहरू जाहेर हुन थालेपछि नेपालमा द्वैध शासनको प्रारम्भ भयो ।[4] रणबहादुर शाहले पुल्चोकमा बसेर नुवाकोटको वैध सरकारका विरुद्धमा किल्लाबन्दी गर्न पनि आरम्भ गरे । राजराजेश्वरीले पनि रणबहादुर शाहकै पक्षमा लागि आदेशहरू जाहेर गरेपछि स्थिति झन चर्कन गयो । उनको आदेशमा नुवाकोटका भारदारहरूलाई "कुल्याहाहरू" भन्ने शब्द पनि प्रयोग गरिएको थियो । काठमाण्डौमा वैधानिक राजाप्रति वफादार भएका धेरै सैनिक कम्पनी र अफिसरहरू पनि थिए । संचारका साधनहरू पनि नुवाकोटकै नियन्त्रणमा रहेकाले रणबहादुर शाहबाट प्रसारित सन्देशहरू गन्तव्य स्थानसम्म समयमा पुग्न सकेनन् ।

## सम्भावित गृहयुद्धमा दामोदर पाँडेको भूमिका

नुवाकोटबाट प्रसारित सन्देशहरू नियमित रूपमा समयमा नै गन्तव्यस्थानसम्म पुग्ने गरेकाले पश्चिमतर्फका गढीगौंडाका सबै सैनिकहरू यथासमयमा नै नुवाकोट दरवारमा दाखिल भए । दामोदर पाँडेको निर्देशनमा भारदारहरूले विरोधी पक्षलाई स्पष्ट गरे कि धर्मपत्रको बन्देजमा परेकाले जनता र सैनिकहरूले वैधानिक सरकारको मात्र समर्थन गर्ने छन् । दामोदर पाँडेले पश्चिम विजयको समयमा देखाएको नरम र राम्रो व्यवहारबाट त्यस क्षेत्रका जनता उनका समर्थक बनेका थिए । गोरखा, गढवाल र पाल्पासँग उनको घनिष्ट सम्वन्ध रहेकाले त्यतातिरबाट समर्थन पाउने कुरामा दामोदर पाँडे ढुक्क थिए । कीर्तिमानसिंह बस्नेतको निर्देशन अनुसार दामोदर पाँडे पूरा तैयारीका साथ सैनिक दलको नेतृत्व गर्दै नुवाकोटबाट काठमाण्डौ उपत्यकातर्फ प्रस्थान गरे । उनले ककनीमा रहेका स्वामीज्यूका पक्षको फौजलाई आफ्नो पक्षमा मिलाएर मुडखुसम्म आइपुग्दा रणबहादुर शाहले आफ्नो सैनिक स्थितिको मूल्याङ्कन गरी दामोदर पाँडेसँग मुकाविला गर्नु व्यर्थ सम्झेर आफ्ना केही समर्थकहरूका साथ वनारसतर्फ प्रस्थान गरे । वि.सं. १८५७ जेष्ठ ८ गते साधुको भेषमा रणबहादुर शाहले भीमसेन थापा, प्राण शाह, दलभञ्जन पाँडे, वालनरसिंह कुँवर आदिका साथ

काठमाण्डौबाट हिँडेर जेष्ठ ११ गते सिमाना नाघेपछि जेष्ठ १६ गते वनारस पुगे । त्यसपछि उनले गठन गरेको भारदारी सभा पनि भंग भयो । रणबहादुर शाह, जेठी महारानीसमेतलाई खबर नगरी भावी अनिष्टको आशङ्का गरी जेष्ठको टन्टलापुर घामको पनि पर्वाह नगरी रातारात वनारस पुगे । जेठी महारानी पनि काठमाण्डौमा खतरा महसूस गरी बलभद्र शाहका साथ केही गरगहना लिएर रणबहादुर शाहका पछि लागिन् । सरकारका तर्फबाट उनीहरूलाई पक्रने कुनै प्रयास गरिएन र त्यही दिन राजालाई नुवाकोटबाट काठमाण्डौको दरबारमा पुऱ्याए । माहिली महारानी सुबर्णप्रभा बालक राजाका नायवी बनिन् ।[५]

रणबहादुर शाहको वनारस पलायनपछि चौतरिया वम शाह, मूलकाजी कीर्तिमानसिंह बस्नेत र काजी दामोदर पाँडे निक्कै शक्तिशाली बने । कीर्तिमानसिंहका कारण बडा (काजी) अमरसिंह थापा पनि शक्तिशाली बने । उक्त घटनापछि जनता र भारदार दुवै थरीले आरामको सास फेरे । यसबाट नेपालमा हुन लागेको गृहयुद्ध रोकियो । रणबहादुर शाहले आफ्नै चरित्रका कारण मुलुकमा आफ्नै छोराको सरकारका विरुद्ध युद्ध हुन सक्ने परिस्थिति श्रृजना गरी आफै असफल भएको जनसमक्ष सिद्ध गरे । वनारस पलायनबाट उनले आफू र आफ्ना धेरै समर्थकहरूको जीवन नष्ट हुनबाट पनि बचाए । जनताले त्यसबेलासम्म रणबहादुर शाहका अत्याचारलाई बिर्सेका थिएनन् । त्यसैले दामोदर पाँडेले नेतृत्व गरेको नुवाकोटको सेनाको संख्याभन्दा उनको सेनाको संख्या सानो हुन गयो ।[६] दामोदर पाँडे कै व्यक्तित्वका कारण त्यसबेलाको गृहयुद्ध रोकियो । सो रोकिएको श्रेय केवल दामोदर पाँडेलाई मात्र प्राप्त हुन्छ । आफूले शासन सम्हालेको पाँच वर्षपछि रणबहादुर शाह आफ्नै चारित्रिक दुर्बलताका कारण शासनबाट मात्र होइन मुलुकबाट नै वलजफ्ती निकालिए । रणबहादुर शाहको निरङ्कुश शासन र अनियमित उग्र मिजासबाट पीडित भारदारहरूको समूहलाई दामोदर पाँडेले नेतृत्व गरेका थिए । वैधानिक राजाको पक्षमा भएर, त्यसको रक्षार्थ उनले हतियार उठाउने भएकाले, राजधानी र पश्चिमी जिल्लाका धेरै जनताको सहयोगको आश्वासन पनि दामोदर पाँडेले प्राप्त गरे, भने रणबहादुर शाहले चाहिँ हारको आभास पाई वनारस पलायन गर्नु पऱ्यो । उनले आफ्ना साथ भीमसेन थापा, गुरु रङ्गनाथ पण्डित, कृष्णराम पण्डित, दलभञ्जन पाँडे, एकदेव वैद्य, वालनर सिंह कुँवर, अन्य विभिन्न दर्जाका भारदारहरू र तिनका परिवार र त्यससँग सम्बन्धित व्यक्तिहरू पनि लगेका थिए ।[७] रणबहादुर शाहको वनारस पलायनपछि यो कुरा थाहा पाएका चिनियाँ अम्बाहरूले चारकाजीका नाममा लेखेको पत्रमा दामोदर पाँडेकै नाम अग्रपङ्क्तिमा परेको छ । जसमा "रणबहादुर शाहले ध्यान धर्मको काम छोडी राजकाजमा हातहाली चाहिने नचाहिने काम गर्दा प्रजा प्राणिको मनमा ननिको पर्न गएको र केही घटिया मानिसले उनलाई फिरंगीको देशमा लगी उनीहरूका सहायताले मुलुकमा कब्जा गर्न आउने विचार मति बिग्रेका राजाको भएको ..." कुरा लेखिएको छ ।[८]



**दामोदर पाँडेको जीवनी**

काजी कालु पाँडेका छोरा, दामोदर पाँडे वि.सं. १८०८ मा गोरखामा जन्मेका थिए । वि.सं. १८१४ जेष्ठ १९ गते कीर्तिपुरमा भएको पहिलो युद्धमा कालु पाँडे मारिए पछि पृथ्वीनारायण शाहको 'मरवट' व्यवस्था अन्तर्गत गोरखा दरवारमा उनी हुर्केका थिए । दाजु बंशराज पाँडे सँगसँगै हुर्केका दामोदर पाँडे पनि एक योग्य लडाका भई निस्के । केहरसिंह बस्नेत, अभिमानसिंह बस्नेत र बुढा अमरसिंह थापाहरू पनि यही नीतिअनुरूप हुर्कर प्रसिद्ध योद्धाका रूपमा देखापरेका थिए ।[९]



*मुख्य मन्त्री औं मुख्य सेनापति काजी दामोदर पाँडे*

श्यामवर्णका दामोदर पाँडेका आँखाहरू राता थिए ।[१०] शारिरिक बनोटमा यिनी अत्यन्त मोटाघाटा तन्दुरुस्त भएकाले, आफ्नो पछिल्लो बासस्थान भएको ठाउँ, भेडासिङको नाउदेवलको जंगी साँढेलाई उनी जुरुक्क उचाल्दथे भन्ने स्थानीय मानिसहरूको कहावत रहेको छ । यिनका अक्षरहरू राम्रा थिए र सबै कुरा विचार गरेर मात्र उनी गर्ने गर्दथे ।[११] गोरखाले दुधकोशी पूर्वका राज्यहरूलाई नेपाल

अधिराज्यमा गाभ्ने अभियान चलाउँदा उनी कुनै गोरखाली फौजका दलमुखी थिए । वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले उनलाई रजबन्धकी जमीन र सालिन्दा रु. ५०१ को जागिर दिएका थिए । पृथ्वीनारायण शाहको अन्तिम समयमा उनी अन्य सेनापतिहरूका साथ पूर्वी मोर्चामा खडा थिए ।[12] प्रतापसिंह शाहको पालामा वि.सं. १८३३ मा भएको पूर्वी युद्धको अभियानको क्रममा 'काजी' मान प्राप्त गरेका दामोदर पाँडेले, गजेन्द्रलक्ष्मीको नायवीकालमा वि.सं. १८३९ आश्विनमा, अन्य सेनापतिहरूका साथ लागी लाखाजुँग, रागीनास आदि २४ थाना दखल गरे । वि.सं. १८४० पौष १५ गते बंशराज पाँडे बेतिया धपाइए पछि उनी पनि खोसुवामा परे र दाजु बंशराज पाँडेका पछि लागे । अर्को वर्ष बंशराज पाँडे काठमाण्डौ आउँदा उनी पनि सँगै आए । वि.सं. १८४३ आषाढमा राजसहायक बहादुर शाहले हाँकेको युद्धले काली नदीपारका समस्त चौबीसी र बाइसी राजा रजौटाहरूलाई नेपालको अधीनमा ल्याउने विजय अभियानका उनी प्रधानसेनापति बन्न समर्थ भई त्यसबेला उनी पर्वतमा युद्ध कार्यमा व्यस्त थिए ।[13] बहादुर शाहले निम्न कारणहरूबाट उनलाई योग्य सेनापति मानेका थिए । उनी आफ्ना पिताका समयका योग्य सेनापति कालु पाँडेका छोरा र आफ्नै विश्वासी काजी वंशराज पाँडेका कान्छा भाइ थिए । पूर्वी नेपालको अभियानमा नाम कमाई सकेका दामोदर पाँडे, बहादुर शाह विदेशिंदा साथै बेतिया गएका थिए । खान्दानी र योग्य काजीको नेतृत्वमा चलाइएको युद्धमा जान कुनै सेनापतिले पनि संकोच मान्ने छैन भन्ने बहादुर शाहको सोचाई थियो ।[14] वि.सं. १८४७ मा नेपाल अधिराज्य पूर्वमा टिष्टादेखि पश्चिममा महाकालीसम्म विस्तार भएकोमा दामोदर पाँडेको ठूलो भूमिका रहेको छ ।

दामोदर पाँडेको प्रसिद्धि खासगरी नेपाल तिब्बत–चीन युद्धबाट विस्तृत भएको थियो । वि.सं. १८४५ मा नेपाल– तिब्बत बीच भएको युद्धपछि १८४६ मा तिब्बती सरदारले युद्धपछिको शर्त भंग गरेपछि दुई देश बीचमा वि.सं. १८४८ मा पुनः युद्ध शुरु भयो । काठमाण्डौबाट आएको सेनाको नेतृत्व गर्नेमा सरदार भगीरथ पन्त, सरदार रणजीत कुँवर आदिका साथै काजी दामोदर पाँडे पनि नाइके दलमुखी थिए । धुन्चेमा नै दामोदर पाँडेको फौजले चीनियाँ फौजसँग मुठभेड गर्‍यो । धुन्चेबाट पछि हटेर उनले धैबुङमा आई युद्ध गरे । बेत्रावतीको सेरोफेरोमा आफ्ना सम्पूर्ण सेना जम्मा गरेर उनले युद्धको तयारी गरी रहेका थिए । यस्तैमा दुई सरकारको बीच सम्झौताको कुरा चल्यो । वार्ता भंग भएपछि पुनः शुरु भएको युद्धमा दामोदर पाँडेको सेनाबाट चिनियाँ पक्षलाई निक्कै धौ धौ परिसकेको थियो भन्ने कुरा स्टिलरले लेखेका छन् । वि.स. १८४८ मा दामोदर पाँडेले दिगर्चासम्म जितेको र चिनियाँ फौजलाई कतल गरेको बयान परराष्ट्र मन्त्रालयमा रहेको सामग्रीमा उल्लेख छ ।[15] बेत्रावतीसम्म चिनियाँ फौज आई पुगेकाले काठमाण्डौमा एउटा त्रासपूर्ण वातावरण बनेको थियो । फु कि यांङको नेतृत्वमा आएको विशाल चिनियाँ फौज (नेपाली इतिहासकारहरूले १०,००० को संख्या भनी लेखेका छन्) का अगाडि थोरै संख्यामा भएका नेपाली फौजको केही जोर चलेन । थप सैनिक सहायता पाएमा युद्ध चालु राख्ने नेपाली फौजको इच्छा हुँदाहुँदै पनि वि.सं. १८४९ मा नेपाल सरकारले बेत्रावतीको सन्धि गर्नु पर्‍यो । सैनिक दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण मानिने बेत्रावतीको युद्धबाट दामोदर पाँडेको प्रतिष्ठा निक्कै ऊँचा हुन पुग्यो । १२ हजार फीटको ऊँचाईमा लड्ने बीर दामोदर पाँडेको कार्य कुशलता र वीरताको प्रशंसा गर्न अहिले पनि नेपालका सैनिक अधिकृतहरू पछि पर्दैनन् । आफ्नो पदीय कामको शिलशिलामा बेत्रावतीको सेरोफेरोमा पुग्दा, भू.पु. प्रमुख सैनिक सचिव (अ.प्र.) रथी श्री ऋषिकुमार पाँडेज्यूले काजी दामोदर पाँडेको कार्यकुशलता र सैनिक वीरताका धेरै कुरा त्यहाँ सुन्नु भएको थियो । जस्तै दामोदर पाँडेलाई युद्धका सिद्धान्तहरूबारे राम्रो ज्ञान भएकाले उनी आफ्नो पक्षका सेनालाई उत्साहित बनाई शत्रु पक्षको सेनालाई हतोत्साही बनाउने कुरामा दक्ष थिए । तिब्बती सेनालाई भयभीत तुल्याई सम्झौतामा ल्याउने प्रयास उनीबाट भएको मानिन्छ । युद्धपछि तिब्बतमा खडा भएको उनको स्तूपबारे त्यहाँका गाउँलेहरूको सकारात्मक धारणा रहेको देखिन्छ । उनको स्तूपबाट बगेको पानी उनको तरवारमा परेर तप्केको सो पानी खान दिएमा सुत्केरी व्यथा निको हुन्छ भन्ने स्थानीय विश्वास रहेकाले, उनको सो स्तूप भत्काउन खोज्दा पनि नष्ट हुन नदिई स्थानीय बासीले यथावत राख्न लगाए भन्ने जस्ता कुराहरू वि.सं. २०२४ सालतिर भू.पु. प्रमुख सैनिक सचिवज्यूले त्यस बेलाका लेफ्टिनेन्ट मन्सुदाविक्रम शाहबाट सुन्नु भएको रहेछ । दामोदर पाँडेको असाधारण खुकुरी आज पनि नेपालको म्युजियममा रहेको छ । काठमाण्डौको टुँडिखेल आर्मी हेडक्वार्टरमा पनि उनको र उनका पिता कालु पाँडेको खुकुरी प्रदर्शनका लागि राखिएका छन् ।

वि.सं. १८४९ सम्ममा बहादुर शाहले काजीहरूका नाममा लेखेका पत्रहरूमा दामोदर पाँडे जेठाबाठा मानिएका छन् ।[16] बहादुर शाहको नायवीकालमा भएको तिब्बत र चीनसँगको युद्धमा उनले सैनिक दक्षता देखाउने अवसर पाए । सोही युद्धको शिलशिलामा शक्ति बल्लभ अर्ज्यालले दामोदर पाँडेलाई अति शूरवीर काजीका रूपमा उल्लेख गरेर "बीरहरूमा तेश्रो बीर" भन्ने संज्ञा दिएका छन् । 'चीनी बादशाहको संरक्षणमा रहेको तिब्बतको महत्वपूर्ण सुनचाँदी भएको क्षेत्र दिगर्चालाई रणबहादुर शाहको आज्ञा पाई, कालु पाँडेका छोरा दामोदर पाँडेले आफ्नै बाहुबलले कब्जा गरे' भनी गौरवपूर्ण भाषामा उनले उल्लेख गरेका छन् । वि.सं. १८४८ मा नेपाली सेनाले तिब्बतमा पुनः आक्रमण गर्दा, त्यहाँ ज्योतिषी बनेर गएका गौरीपति पाँडेलाई दामोदर पाँडेले धर्मपुत्र बनाई वि.सं. १८४९ मा लेखिदिएको धर्मपत्र पाइएको छ । यो उनको युद्ध जित्ने उपाय मानिएको छ । गौरीपति पाँडेका दाजु लक्ष्मीपति पाँडेलाई लेखेका वि.सं. १८४९ का लालमोहरहरूमा पनि पछिल्तिर मार्फतमा बम शाह र दामोदर पाँडेको नाम पनि परेको छ ।[17] दामोदर पाँडेले कमाएको उक्त प्रतिष्ठाकै कारण बहादुर शाहको पतन पछि वि.सं. १८५१ मा गठन भएको काजी परिषद्मा पनि उनको स्थान सुरक्षित हुन गयो । उनी बहादुर शाहका समर्थक भन्ने थाहा पाएर पनि कीर्तिमानसिंह बस्नेतपछि उक्त परिषदमा उनको नाम समावेश गरिएको थियो । युद्ध सकेर मुलुकमा शान्ति छाएको बेला उनले नुवाकोट भैरव मन्दिरमा एक घण्ट चढाए । उक्त घण्टको अभिलेखमा "वि.सं. १८५३ मुलुकी

देवान दामोदर पाँडे" अंकित छ। त्यसबाट युद्धको समाप्तिपछि शान्तिको समयमा नागरिक प्रशासनतर्फ काजी भएर उनले कार्य गरेको देखिन्छ।[१८]

**दामोदर पाँडेको नायव महारानी सुवर्णप्रभासँग मतभेद**

सुवर्णप्रभाको नायवी शुरू भएपछि चार काजीहरूले रणबहादुर शाहको वनारस प्रस्थानको समाचारलाई ल्हासास्थित अम्बामार्फत् चीनी बादशाह कहाँ पठाए। त्यसमा रणबहादुर शाहको वनारस यात्रा धार्मिक कारणबाट नभएर राजनैतिक कारणले भएको कुराको उल्लेख छ।[१९] उनको अनुपस्थितिमा कीर्तिमानसिंह बस्नेतले सुवर्णप्रभासँग मिलेर निक्कै शक्ति बढाए। उनले वि.सं. १८५७ जेष्ठ १७ मा मुलुकमा पजनी गरे। यसबाट दामोदर पाँडेका समर्थकहरू प्रभावित भए। दरवारमा राजराजेश्वरीका समर्थकहरू पनि रुष्ट भएर कीर्तिमानसिंहका विरुद्ध कारवाही गर्ने योजना बनाए। चौतरा काजी र अन्य भारदारहरू (जम्मा एकसय छब्बीस जना) ले आपसमा मिलोमतो गरी कीर्तिमानसिंहको सुवर्णप्रभासँग अनुचित सम्बन्ध रहेको अफवाह फैलाए। उक्त संगठित भारदारहरूले वीरकञ्चन खवास र श्यामदत्त शाही नामका दुई जनालाई खटाई वि.सं. १८५८ माघमा कीर्तिमानसिंहको हत्या गर्न लगाए।[२०] हत्याकाण्डपछि हत्यारा पत्ता लगाउन सुवर्णप्रभाले न्हुछें टोलमा भारदारी सभाको आयोजना गरिन्। सभाले मुख्य दोषी श्रीकृष्ण शाहलाई ठानेको थियो। केही अन्य भारदारहरूका साथ विदुर शाही, रणजीत पाँडे पनि डराएर मुग्लान पसीसकेका थिए। उक्त काण्डमा धेरै भारदारहरू सजायका भागी बने। प्रतिमन राना, इन्द्रवीरसिंह खवास र गर्भु खवासलाई मृत्युदण्ड दिइयो। लगभग १००–१२० उमरावहरू कैद गरिए। त्यस हत्याकाण्डको केही छिटा दामोदर पाँडे र उनका परिवार माथि पनि परे। कीर्तिमानसिंह बस्नेतसँग दामोदर पाँडे चिढिएको कुरा सुवर्णप्रभालाई थाहा थियो। त्यसैले महारानी सुवर्णप्रभाको नजर उनीमाथि पनि पर्न गयो र उनीसँग पनि सोधपुछ गर्न लगाइयो। केही इतिहासकारहरूको लेखाईमा हत्याकाण्डका बेला दामोदर पाँडे राजधानी बाहिर थिए। आफ्ना भानिजको हत्याको खबर पाई उनी तुरुन्तै राजधानीमा आई हत्याराको खोजी गर्ने प्रयास गर्दै थिए। सुवर्णप्रभाको नजर उनी माथि परेपछि उनी र उनका दुई छोरा र केही समर्थकहरू पनि नजरबन्दमा परे। दामोदर पाँडेका विरुद्ध केही प्रमाण प्राप्त नभएकाले उनी उम्के। तर उनका छोराहरू र समर्थकहरूचाहिँ केही समयपछि मात्र उम्कन सके। यो घटनापछि सुबुद्धि खड्का सुवर्णप्रभाका हजुरिया भए।[२१] सुवर्णप्रभाको उक्त कारवाहीबाट दामोदर पाँडे ज्यादै रुष्ट भए। त्यस बेलासम्म उनी काजी परिषद्मा कीर्तिमानसिंहपछि भए पनि चौतरिया वम शाहपछि प्रभावशाली काजी उनैलाई मान्दैआएको थियो। आफ्ना युद्धप्रेमी दाजुभाई र समर्थकहरुको उनलाई धेरै समर्थन प्राप्त थियो। महारानी सुवर्णप्रभासँग दामोदर पाँडेको मतभेद हुनुको पहिलो कारण, सुवुद्धि खड्कालाई दरवारबाट अलग्याउनु पर्छ भन्ने गुटका दामोदर पाँडे प्रवक्ता थिए। दोश्रो रणोद्योत शाहलाई राजा बनाउने सुवर्णप्रभाको प्रयासलाई उनी विरोध गर्ने गर्दथे। कट्टरपन्थी दरवारियाहरू पनि यस कुरामा राजी थिएनन्। दामोदर



पाँडेको डाहा गर्ने पनि दरवारमा थुप्रै भारदारहरू थिए। वि.सं. १८५८ को फागुनतिर दरवारिया दाउपेचका कारण उनले राजीनामा गरे। रमाकान्तको लेखाईमा दामोदर पाँडे र सुवर्णप्रभाका बीच सम्वन्ध राम्रो नभएकोमा कीर्तिमानसिंह वस्नेतको हत्यापछि यो झन विग्रिन गयो। कीर्तिमानसिंहको हत्याको शंकामा उनी सेवाबाट निकालिए। दामोदर पाँडे सेवाबाट हटेपछि सुवर्णप्रभा ज्यादै खुसी भइन्। यो प्रसन्नताको घडीमा रणबहादुर शाहले उनलाई एक सुनको औंठी उपहार स्वरूप पठाए। काजी परिषद्मा तुरुन्त पुनर्गठन भएपछि बमशाह मुख्य काजी भए र चौतरिया शेरबहादुर शाही र वस्नेत दाजुभाईहरू परिषद्का नयाँ सदस्य भए। सुबुद्धि खड्काका अगाडि बमशाह प्रभावशाली हुन सकेनन्। प्रशासन अझ कमजोर भएकाले अंग्रेजी आवासीय दूत कप्तान नक्ससँग हेटौडामा नेपाली भारदारहरुले व्यवहार गर्ने समयमा बम शाहलाई मुश्किल पर्न गयो। त्यसैले उनले दामोदर पाँडेलाई काजी परिषद्मा सामेल गर्ने निक्कै कोशीस गरेकाले वि.सं. १८५९ जेष्ठतिर उनी काजी परिषद्मा सरीक भए। हेटौडामा नक्ससँग व्यवहार गर्ने समयमा उनीपछि त्यहीं रोकिएकाले नक्ससँग लागी काठमाण्डौ आएका थिएनन्। सेवाबाट हटेको समयमा पनि दामोदर पाँडे हात बाँधेर वसेका थिएनन्। विपक्षीसँग उनले हात मिलाएर सुवर्णप्रभाको विरोध गरेको कुराको वर्णनपछि आउँदै छ।[२२]

रणबहादुर शाहको राजत्यागपछि भारदारहरूमा गुटबन्दी शुरु भएको थियो। त्यसबेला रणवहादुर शाहले गरेको व्यवहारका कारण भारदारहरूमा त्रासको वातावरण छाएको थियो। भूमि र शक्ति प्राप्तिका लागि तिनीहरूले आपसमा हानथाप पनि शुरु गरे। मूलकाजी कीर्तिमानसिंह बस्नेतको समयमा पनि आफ्नै सैनिक योग्यताका कारण दामोदर पाँडेले उनकै बराबरको शक्तिको उपभोग गरीरहेका थिए। न्यायिक क्षेत्रमा पनि समर्थकहरूको संख्या बढाएर उनले आफ्नो स्थिति मजबूत पारेका थिए। कीर्तिमानसिंह बस्नेतको हत्यापछि शक्ति सन्तुलन विग्रिन गयो। तैपनि दामोदर पाँडेमाथि प्रत्यक्ष प्रहार गर्न सकिंदैन भन्ने विचारले रणबहादुर शाहले उनका समर्थकहरूलाई हातमा लिएर उनको बदनाम गर्ने कोशीस गरे। रणवहादुर शाहले सुवर्णप्रभा र वख्तावरसिंह बस्नेतका नाममा छुट्टाछुट्टै पत्रहरू लेखेर उनलाई दामोदर पाँडेबाट फुटाएर आफूतिर मिलाउने प्रयासमा, उनलाई "कान्छो छोरो" को नाता पनि दिइएको थियो। यदि उनी रणबहादुर शाहको पक्षमा रहेमा, पाँडेको भन्दा उनले तीन गुणा विर्ता पाउने आश पनि देखाए। यसै शिलशिलामा भीमसेन थापाले पनि वख्तावरसिंह बस्नेतलाई कान्छा वावा भनी नाता जोडे। उनलाई दामोदर पाँडेबाट फुटाउन उनले भरमग्दुर कोशीस गरे। दामोदर पाँडेले पनि काठमाण्डौको प्रशासनमा आफ्नो स्थिति जमाउन सुवर्णप्रभालाईभन्दा अन्य कुनैलाई नै सहयोग गर्नु पर्ने कुरा सोचे। सीमाक्षेत्रभा नक्ससँग नेपाली प्रतिनिधि मण्डलको कुराकानी भईरहेको वेला, जेठी महारानी राजराजेश्वरीले वनारस छोडी काठमाण्डौ प्रवेश गर्ने इरादाले बम शाहसँग भेट्न आउँदा, उनीसँग व्यवहार गर्ने कुराको जिम्मा बम शाहले दामोदर पाँडेलाई नै दिएका थिए। सुवर्णप्रभाको नायवीले राज्य चल्न नसक्ने देखेका दामोदर पाँडेले, उनका प्रतिद्वन्दी जेठी महारानीलाई राजसहायक बनाई प्रशासनमा स्थिरता

ल्याउने कुरा सोचे ।[२३] बम शाहको आदेशले उनी नक्ससँग काठमाण्डौ नफर्की जेठी महारानीलाई सीमा क्षेत्रमा रोक्ने उनको प्रयासबाट पछि सुवर्णप्रभाको भाग्य पनि निर्धारण हुन गयो ।

**वनारसमा रणबहादुर शाहको प्रचार बाजी**

रणबहादुर शाह बनारसतिर लागेपछि सन्तोषको सास फेर्न थालेका नेपालका भारदारहरूले सोचे जस्तो भएन । रणबहादुर शाह र उनका समर्थकहरूले पनि शुरूमा बनारसमा स्वच्छन्दताको अनुभव गर्न थालेका थिए । तर तुरुन्तै उनलाई त्यहाँ आर्थिक संकटको अनुभव भएपछि 'नेपालका दुष्ट भारदारहरूको कुचक्रले आफू विदेशिनु परेको र अंग्रेजको आर्थिक र सैनिक सहायता पाएमा आफूले पुनः नेपालको प्रशासनमा अधिकार जमाउन सक्ने आशय उनले अंग्रेजी अधिकारीहरू समक्ष व्यक्त गर्न पुगे । यस्तै अवसरको प्रतीक्षा गरिरहेका, अंग्रेज कम्पनी सरकारको निमित्त यो सुवर्ण अवसर भयो । भारत भूमिमा शरण लिन आएका भू.पू. राजाको सेवा सत्कारको निमित्त कम्पनी सरकारले प्रतिमास १५००।– रुपियाँ आफ्नैतर्फबाट खान्गी दिएर क्याप्टेन नक्सलाई नियुक्त गरे । रणबहादुर शाहले माग गरेजस्तै कम्पनी सरकारको ग्यारेन्टीमा उनलाई नेपालमा पुनः स्थापना गर्न तत्कालीन भारदारहरू तयार छन् कि छैनन् भन्ने कुरा बुझ्नु नक्सको काम थियो । केही भारदारहरू चौतरिया बम शाह, हस्तदल शाह, शम्शेर शाह, पुष्कर शाह र राजपरिवारका सम्बन्धित व्यक्तिहरू पनि अंग्रेजको रेखदेखमा रणबहादुर शाहलाई प्रशासनको प्रमुख व्यक्तिको रूपमा राख्न चाहेको कुरा नक्सकहाँ पत्राचार गरेकोले नक्सले पनि आफ्नो स्वीकृतिसहित सो प्रस्ताव कलकत्तामा गर्भनर जनरल कहाँ पठाएको थियो । त्यसबेला अंग्रेज कम्पनी सरकार भारतमा मराठाहरूसँगको युद्धमा व्यस्त भएकाले तत्कालीन गर्भनर जनरल वेलेश्लीले नेपालप्रति कडा नीति लिएनन् । भारतीय राजाहरूलाई विस्तारै अंग्रेजी नियन्त्रणमा राख्ने उनको नीति (Subsidiary Alliance) भएको भए पनि हाल नेपालसँग नरम नीति अपनाएर त्यहाँको सरकारसँग सम्बन्ध बढाउने उनी कोशीसमा थिए । उनी नेपाल सरकारबाट राजनैतिक र व्यावसायिक दुवै प्रकारका उपलब्धिहरू लिन चाहन्थे । वनारसस्थित प्रवासी नेपालीहरूसँग पनि साँठगाँठ गरेर रणबहादुर शाह घर फर्कने योजना बनाउने तरखरमा थिए । परशुराम थापा र रङ्गनाथ पण्डितहरूसँग उनको मिलोमतो भएर यस कामको जिम्मा परशुराम थापालाई दिइयो र यसमा उनले सफलता पाउन सकेमा थापा वंशलाई गोरखाको "थरघर" मा समावेश गर्ने कुराको तय पनि भयो । रणबहादुर शाहलाई घर फर्कन कम्पनी सरकारसँग मद्दत माग्ने कुराको सल्लाह पनि भीमसेन थापा र रङ्गनाथ पण्डितबाट प्राप्त भएको थियो । तर ती दुवै राजनीतिमा अनभिज्ञ र कच्चा उमेरका थिए । कम्पनी सरकारसँग उनले मद्दत माँगेको थाहा पाएपछि नेपाल सरकारले डराएर उनलाई घर फर्कन निम्तो दिने छ भन्ने सोचाइमा रणबहादुर शाह बसेका थिए । उनको प्रस्तावलाई कम्पनीले अस्वीकार गरेको कुराको एकीन नेपाल सरकारलाई हुने छैन भन्ने सोचेर अंग्रेजबाट नेपालमा उनको पुनर्स्थापना हुने त्रासलाई नै उनले आफ्नो प्रभावशाली हतियार माने । तर कम्पनी सरकारले भने



रणबहादुर शाहको वनारस प्रस्थान बारेमा सम्पूर्ण विवरण प्राप्त गरेपछि, गोरखालीहरूसँग भू.पू. राजा रणबहादुर शाहको कारणबाट मुकाबिला गर्नु उचित नदेखेर बरु सम्बन्ध स्थापना गर्नु नै श्रेयस्कर सम्झ्यो । अंग्रेजी भूमिमा बसेर रणबहादुर शाहले त्रास फैलाएको दामोदर पाँडेले महसूस गरे ।[२४]

कम्पनी सरकारका तर्फबाट नेपाल सरकार समक्ष सन्धिका प्रस्तावहरू आई नेपालका तर्फबाट गजराज मिश्र र अंग्रेजको तर्फबाट एक अफिसरको बीचमा पटनामा छलफल भइरहेको समयमा, काठमाण्डौमा कीर्तिमानसिंह बस्नेतको हत्या भएको समाचार त्यहाँ आइपुग्यो । यो समाचारलाई आफ्नो अनुकूल बनाएर रणबहादुर शाहले कीर्तिमानसिंहका भाई काजी बख्तावर सिंह बस्नेत र आमा चित्रा देवीलाई सान्त्वना स्वरूप पत्रहरू पठाएर अनेक आश्वासनहरू पनि दिए । त्यस्तै नायब महारानी सुवर्णप्रभा, चौतरिया शेरबहादुर शाही र नेपालका अन्य भारदारहरूलाई रणबहादुर शाहले छुट्टाछुट्टै पत्रहरू पठाएर अंग्रेजसँग सन्धि नगर्नु र त्यसको नराम्रो प्रतिफलको समेत उनले पत्रमा उल्लेख गरे । कीर्तिमानसिंहको हत्यामा दामोदर पाँडेको संलग्नता हुनसक्ने र पाँडेहरूको हातमा सेनाको समर्थन र पजनीको अधिकार दिनु हुँदैन, बस्नेतहरूले उनीहरूबाट सतर्क रहनु पर्छ र गजराज मिश्र र दामोदर पाँडेहरूलाई समाप्त गर्नुपर्छ भन्ने समेत उनले शेरबहादुर शाहीलाई लेखेको पत्रमा उल्लेख गरे । अंग्रेजहरूको "फुटाऊ र राज गर" भन्ने सिद्धान्तमा लागेर रणबहादुर शाहले नेपालको एकीकरणमा ढाल र तरवार बनेका क्रमशः पाँडे र बस्नेतहरूका बीच ठूलो फाटो ल्याउने प्रयास गरे । नेपाल फर्कनेहरूलाई उनले "आफू छिट्टै घर फर्कनेछु" भन्ने खबर पनि दिएर पठाउने गरे ।[२५]

**नेपाल-अंग्रेज वाणिज्य सन्धि (१८०१) र दामोदर पाँडे**

राजधानीमा उत्पात मचाई सकेपछि आफ्नो असफलताको आभास पाएका रणबहादुर शाह अप्रत्याशित रूपले वनारस प्रस्थान गरे । उनको वनारस प्रस्थान बारे नेपालका भारदारहरूले चीनी बादशाहलाई दिएको समाचारमा, उनी राजनैतिक कारणबाट वनारस प्रस्थान गरेको कुरा लेखेका थिए । त्यसपछि पहिलेकै अनुसार काजी परिषद्ले कार्य गर्न थाल्यो र तिब्बत र चीनतर्फको कामकाज पनि सर्वजीत पाँडेकै हातमा रह्यो ।

वनारस पुगेका रणबहादुर शाहले नेपालको राजनीतिमा चाख राख्ने गरेर नेपाल फर्कन कम्पनीको गुहारसमेत माग्न थाले । उनको त्यस कारवाहीबाट नेपालका भारदारहरूलाई पनि सतर्क रहनु पर्ने बाध्यता भयो । यसै शिलसिलामा गजराज मिश्र पटनामा गई अंग्रेजसँग सम्पर्क गरिरहेको समयमा नेपालका मूलकाजी कीर्तिमानसिंह बस्नेतको हत्या भएको खबर वनारसमा आइपुग्यो । उक्त हत्या काण्डबाट फाइदा उठाउने विचार गरेर रणबहादुर शाहले भारदारहरूलाई दामोदर पाँडेको विरुद्धमा उचाल्न यसलाई ढालको रूपमा प्रयोग गरे । यस कुराको वर्णन माथि भईसकेको छ । कीर्तिमानसिंहको हत्यापछि अंग्रेजसँग सम्बन्ध बढाउने कुरामा बमशाह र दामोदर पाँडे नै मुख्य रूपमा अगाडि आए । नेपालमा अंग्रेज कम्पनीले चारकोठी थाप्ने

अधिकार पाउने शर्तमा मात्र तिनीहरू रणबहादुर शाहलाई मद्दत दिन तयार भएपछि, उनको उक्त प्रयास व्यर्थ भयो । नेपालका भारदारहरू पनि अंग्रेजसँग सम्बन्ध बढाउन उत्सुक देखिएपछि, सन् १७९२ मार्च १ मा गर्भनर जनरल लर्ड कर्णवालिसले नेपालसँग गरेको वाणिज्य सन्धि भंग भइसकेकोले, त्यसलाई जीवित पार्ने अवसरको रूपमा लिई अब लर्ड वेलेस्लीले नेपालको प्रस्तावलाई स्वीकार गरे । यसै अनुसार अक्टोवर ३०, १८०१ (१८५८ कार्तिक) मा· दुई देशका बीच वाणिज्य र मैत्री सन्धिमा हस्ताक्षर भयो ।

उक्त सन्धिअनुसार नक्स अंग्रेजी कम्पनी सरकारका आवासीय दूतका रूपमा नेपाल आउने भए । सन् १७९२ को वाणिज्य सन्धिले जस्तै यस सन्धिले पनि भारत र तिब्बतबीचको व्यापारलाई वढावा दिने भयो । रणबहादुर शाह वनारसमा रहुन्जेल उनी माथि कम्पनीले गरेको लगानीको बदलामा वर्षेनी ८२,०००।– रुपियाँ उठ्ने चौदण्डी र विजयपुरको जग्गा नेपाल सरकारले रणबहादुर शाहलाई दिने भयो । अवध र नेपालबीच सीमा विवाद भएमा दुवै देशका सरकारहरूले अंग्रेजी मध्यस्थतामा समस्याको समाधान गर्ने भए । ठग–डाँकाहरूको र अन्य शरणार्थी समस्या पनि यसरी नै समाधान हुने भयो । नेपाल-अंग्रेज बाणिज्य सन्धिपछि, मकवानपुर वापत नेपालले अंग्रेज कम्पनी सरकारलाई बुझाउने गरेका धेरै हात्ती बुझाउनु नपर्ने भयो । सन्धिको नवौं धाराले रणबहादुर शाहमाथि केही प्रतिबन्ध लगाइए । रणबहादुर शाहलाई नियन्त्रणमा राख्ने शर्तहरू बाहेक अन्य दफाहरू अन्तर्राष्ट्रीय सन्धि अनुरूप नै थिए । दामोदर पाँडेका विरोधीहरूले यस सन्धिको उल्टो अर्थ लगाए पनि तत्कालीन परिस्थितिको विचार गरेमा यस सन्धिलाई अनुचित भन्न सकिँदैन । सन्धिका पक्षधर मानिने बम शाह, दामोदर पाँडे र भित्र भित्रै विरोध गर्ने इन्द्रबीर वस्नेत र अन्य भारदारहरू पनि सन्धिपछि कप्तान नक्सको स्वागतार्थ सीमा क्षेत्रमा जम्मा भए । रणबहादुर शाहले गजराज मिश्र र दामोदर पाँडेलाई अनेक लाञ्छना लगाएर, नक्सलाई कुनै हालतमा पनि नेपाल भित्र्याउनु हुँदैन भन्ने समाचार पठाइरहेकाले दरवार र नायव महारानी त्यसबेला चिन्तामा डुबेका थिए ।[26]

दरवारमा नक्सलाई भित्र्याउने कुरामा एक मत नबनेकाले कुनै निश्चित कार्यक्रम बनेको थिएन । सीमाक्षेत्रबाट २४ मार्चमा, नक्स काठमाण्डौं जाने तय भएपछि वुटवलका राजा र गजराज मिश्रलाई अगाडि सारेर भारदारहरू नक्सको क्याम्पमा भेट्न पुगे । सोही दिन लक्ष्मण शाह (बम शाहका छोरा), करवीर पाँडे (दामोदर पाँडेका जेठा छोरा) र कृष्णजंगसिंह वस्नेत (इन्द्रवीर वस्नेतका छोरा) हरूलाई नेपालका राजाको पत्रका साथ पटना पठाइने भयो । लक्ष्मण शाह र करवीर पाँडे १७ वर्षका थिए भने कृष्णजंग सिंह वस्नेत १४ वर्षका मात्र थिए । लक्ष्मण शाहलाई कम्पनीले मासिक ५००।– रुपियाँ र करवीर पाँडे र कृष्णजंगसिंह वस्नेतलाई ४००।– रुपियाँ दिइने भयो । कम्पनीकै खर्चमा निक्कै सन्मानका साथ तिनीहरूलाई पटनामा राखियो र सन्धि भंग भएपछि मात्र नेपाल आउन दिइएको थियो । गभरनर जनरलप्राते आदर दर्शाउन पाल्पाका राजालाई पनि उनीहरूसँग पटना पठाइयो । नक्सले आफैमार्फत् मौलबी अब्दुल कादिरलाई पनि ती



व्यक्तिहरूलाई निर्देशन दिनका निमित्त सँगै पठाइयो । सोही समय जेठी महारानी वनारस छोडेर नेपाली सीमामा आइपुगेको खबरले नेपाली प्रतिनिधि मण्डलमाथि संकट थप्न गयो । बम शाहले अन्य प्रतिनिधिहरूलाई नक्सको सवारी चलाउन आदेश दिएर महारानीसँगको मामलामा केही छलफल गरेपछि काठमाडौंका लागि प्रस्थान गरे । काठमाण्डौंमा आफ्ना समर्थकहरूलाई रिहा नगरेसम्म दामोदर पाँडे काठमाण्डौ फर्कन चाहेनन् । काठमाण्डौ पुगेका नक्सले दामोदर पाँडे, बम शाह र गजराज मिश्रहरूलाई तत्कालीन काजी परिषद्का परिस्कृत व्यक्तित्वहरूका रूपमा लिए । कुनै राजनैतिक भ्रष्टाचारमा नमुछिएका, कुनै नेपालीले पनि शङ्का नगरेका, इमान्दार र चारित्रिक गुण भएका तिनीहरूलाई कम्पनीले भत्ता दिएर राख्ने प्रस्ताव पनि नक्सले अघि सारेकोमा, तिनीहरूले आफ्नो मुलुकको गौरव र उच्चताको ख्याल गरी त्यसलाई नामन्जुर गरे । कम्पनीसँगको सन्धिपछि नुवाकोट भैरवी स्थानमा दामोदर पाँडले अर्को घण्टा चढाए । उक्त घण्टको अभिलेखमा वि.सं. १८५८ आषाढमा आफ्ना छोराहरू क्रमशः करवीर पाँडे, रणजंग पाँडे, रणदल पाँडे, कीर्तिबम पाँडे, ललितवम पाँडे र श्रीमती अयोध्यादेवी सहितले घण्टा चढाएको उल्लेख छ । दामोदर पाँडेका छोराहरूको यसमा दिएको नाम र भीमबहादुर पाँडेले "राष्ट्रभक्तिको झलक" मा दिएका नामहरूमा अलि फरक देखिन्छ (हेर्नुहोस् पृ. २५४) । युद्धको क्षेत्रमा अत्यन्त व्यस्त रहने उनले रचनात्मक कार्यतिर खासै ध्यान दिन सकेका थिएनन् । तर राजपरिवारबाट गरिने रचनात्मक र धार्मिक कार्यहरुमा भने उनको नाम पनि समावेश भएको छ । जस्तै वि.सं. १८५४ मा महारानी कान्तवतीले बदरीनाथलाई जमीन चढाएर गरिदिएको लालमोहरमा दामोदर पाँडेको नाम उल्लेख भएको छ ।[27]

सन्धिपछि भारदारहरूको विरोधका कारण दामोदर पाँडेको गुट अप्रिय भएकाले काजी अमर सिंह थापा प्रथम समेतको बख्तावरसिंह बस्नेतको गुटले दरवारमा नेतृत्व लियो । नायव महारानी सुवर्णप्रभाको समर्थन पाई सन्धिका समर्थकहरूले नक्सको स्वागत गरी उत्सवहरू पनि मनाए । नोभेम्वर १७, सन् १८०२ मा नायव महारानीद्वारा सन्धि अनुमोदित पनि भयो । अंग्रेजसँग मिली सुवर्णप्रभा गीर्वाणयुद्धविक्रम शाहको ठाउँमा आफ्नो छोरा रणोद्योत शाहलाई राजगद्दीमा राख्न चाहन्थिन् ।[28] जेठी महारानीको काठमाण्डौतिर बढ्ने प्रयास भईरहेको बेला, सुवर्णप्रभालाई नक्ससँग सम्बन्ध बढाउनु अनिवार्य हुन गयो । जेठी महारानीप्रतिको उनको नीतिले गर्दा उनी र उनको गुट जनता र सेना समक्ष राजधानीमा दिनप्रतिदिन अप्रिय बन्दै गए ।

### दामोदर पाँडेको सफलता- मूलकाजीका रूपमा

भारतीय भूमिबाट नेपाली सीमामा उत्रेकी जेठी महारानी राजराजेश्वरीको उद्देश्यबारे इतिहासकारहरूमा मतभिन्नता छ । रणबहादुर शाहको खर्चिलो व्यवहार र सुरासुन्दरीहरूसँगको सम्पर्कबाट वाक्क भएकी जेठी महारानी नेपालमा फर्केकी हुन् भन्ने एकथरीको र रणबहादुर शाहले नै कूटनीतिको चाल स्वरूप उनलाई बिस्तारै नेपालतिर पठाएका हुन् भन्ने अर्को थरीको विचार इतिहासमा पाइन्छ । जे जस्तो भए

पनि जेठी महारानीलाई नेपाल पस्न धेरै संघर्ष गर्नु परेको थियो । नक्सलाई काठमाण्डौमा भित्र्याउने शिलशिलामा उनलाई सीमा क्षेत्रमा नै रोक्नु परेको थियो । बमशाह र गजराज मिश्र उनलाई सीमा क्षेत्रमा नै रोकी नेपालभित्र छिर्न नदिने पक्षमा थिए । तर दामोदर पाँडे उनलाई राजसहायक बनाई प्रशासनमा स्थिरता ल्याउन चाहन्थे । गजराज मिश्र र बमशाह वि.सं. १८५८ को सन्धि चाँडो अनुमोदन गरी कार्यान्वयन गर्ने पक्षमा भएकाले, जेठी महारानीलाई सम्झाई बुझाई भारततर्फ नै फर्काउने काममा दामोदर पाँडेलाई खटाएर, नक्सका पछि लागी बम शाह काठमाण्डौ गए । रणबहादुर शाहलाई दिइने भत्ता ब्रिटिश इण्डियाको माध्यमबाट नभई सिधै नेपालबाट पठाउनु पर्छ भन्ने कुरामा सन्धि समर्थक भारदारहरूको रायसँग नक्सको राय मिलेको थिएन । यसैबेला जेठी महारानीको नेपाल सीमा क्षेत्रमा प्रवेश गर्ने हठ पनि छुटेको थिएन । त्यसैले सुवर्णप्रभाले तर्सेर राजराजेश्वरीलाई मनाउने जिम्मा आफ्नो प्रस्तावसहित नक्सलाई लगाइन् । राजराजेश्वरी पटनामा गएर बसेमा उनी र उनका पछि लागि गएकाहरूलाई त्यहाँ रहन घर र तिनीहरूको जागिरको व्यवस्था गर्ने र जेठी महारानीको निमित्त भत्ता स्वरूप १६,०००।– रुपियाँ भत्ता दिने प्रस्ताव सुवर्णप्रभाको थियो । नक्सले आफ्ना सल्लाहकार मेंहदी मिर्जामार्फत् उक्त प्रस्ताव दिई राजराजेश्वरी कहाँ पठाउँदा उनले सो प्रस्तावलाई साफ इन्कार गरी अगाडि बढ्ने प्रण देखाइन् । त्यसबेला जेठी महारानीको दयनीय अवस्थामाथि मिर्जालाई पनि दया आयो र उनलाई पछि धकेल्नुको सट्टा अगाडि बढ्नमा उनले सहयोग गरे । जेठी महारानी साहसका साथ सिमानाभित्र प्रवेश गरेपछि उनलाई धकेल्नु सुवर्णप्रभालाई अति आवश्यक भयो । त्यसैबेला उनलाई थामथुम पारी फर्काउन सुवर्णप्रभाले फेरी दामोदर पाँडेसँग नै गुहार माग्न पुगिन् । यसपल्ट उनलाई मनाउने कुरामा सुवर्णप्रभाले पहिलेकै प्रस्तावलाई (मेंहदी मिर्जा मार्फत् पठाइएको) अगाडि सारिन ।[२९]

नायव महारानीको आदेश पाएर दामोदर पाँडे थानकोटमा जेठी महारानीलाई भेट्न भनी अघि बढे । त्यहाँ महारानीसँग उनको कुराकानी चल्दै थियो । सायद जेठी महारानीले काठमाण्डौ फर्कने हौसला पनि दामोदर पाँडेबाट पाएकी थिइन् ।[३०] त्यसबेला सुबुद्धि खड्काले राज्यको ढुकुटी सोरेर तिब्बततिर भागेको समाचारले सुवर्णप्रभा हतास भइन् । बख्तावरसिंह बस्नेत कमजोर प्रशासक थिए भने तत्कालीन काजीहरू अवसरवादी थिए । त्यसैले निराश भएर सुवर्णप्रभाले सरकारी मानिसहरू र राजालाई समेत लिएर वनारस जाने मनसायबाट पशुपति प्रस्थान गरिन् । यो खबर पाएपछि दामोदर पाँडेलाई जेठी महारानीतिर श्रद्धा जनाई अघि बढ्न कुनै मुश्किल परेन । उनले स्वयम्भूको कीमाडोलमा महारानीलाई ल्याएर राखे । त्यसपछि ठूलो वाजागाजाका साथ भारदारहरू र जनताद्वारा स्वागत गराएर उनलाई दरवारमा प्रवेश गराए । उक्त जमातले वालक राजालाई पनि तत्काल पशुपतिबाट ल्याएर उनैलाई सुम्पिदिए । यो रक्तपात विहीन क्रान्तिबाट सबै कुरा यथावत नै चल्यो । केवल राजसहायकको मात्र परिवर्तन भएको थियो । दामोदर पाँडेकै कूटनीतिबाट सुवर्णप्रभालाई पनि पशुपतिबाट दरवारमा ल्याई मिलिजुली काम गराउने नीति



अपनाई राज्यको वागडोर आफ्नो हातमा पुनः आएपछि जेठी महारानीले दामोदर पाँडेलाई मूलकाजीमा नियुक्त गरिन् । शासन उनकै निर्देशनअनुसार चल्न थाल्यो । त्यसबेलादेखि मुख्यकाजीको सिफारिसमा आफ्ना समर्थकहरूलाई सरकारमा नियुक्त गर्ने परम्परा चल्यो । त्यसैले उनलाई नेपालका प्रथम प्रधानमन्त्री भन्ने गरिन्छ ।[३१] Bikramjit Hasrat, Asad Husain, H.A. Oldfield आदि इतिहासकारहरूको लेखाईमा उनी मुख्य मन्त्री थिए । नक्सले सुवर्णप्रभासँग मिलेर राजनीतिमा हस्तक्षेप गर्न थाले पछि जेठी महारानी र दामोदर पाँडेलाई यो मन परेन । राजराजेश्वरीले भारदारी सभा विघटन गरिन् र नयाँ गठन भएको भारदारी सभामा मुख्य चौतरा विदुर शाही भए । मुख्यकाजी दामोदर पाँडे र वख्तावरसिंह बस्नेत, वलवन्त र नरसिंह गुरुङ आदि काजी पदमा वहालै रहे । वि.सं. १८६० श्रावण ५ गते सुवर्णप्रभा र बम शाह कैदमा परे । केही दिनपछि वख्तावर सिंह बस्नेत पनि कैदमा परे र नक्सलाई पनि काठमाण्डौमा हैजा चलेको छ भन्ने वहाना गरी मकवानपुरमा बस्ने आदेश दिइयो । सुवर्णप्रभाका पक्षधरहरूले राजराजेश्वरीलाई पदच्यूत गरी शासनको वागडोर पुनः उनलाई दिने हो कि भन्ने शंकामा राजराजेश्वरीले यो कदम उठाएको अनुमान गरिएको छ ।[३२]

नेपालको राजनीतिमा हस्तक्षेप गर्न नपाएपछि राजदूत नक्स दामोदर पाँडेदेखि चिढिए । रणबहादुर शाहको भत्ता मोरङ र विजयपुरको जागीरबाट पठाउनु पर्ने समयमा नपठाएकाले नक्सले ताकिता गर्दै थिए ।[३३] भारदारी सभामा स्थान नपाएका चौतरिया शेरबहादुर शाही जस्तै अन्य भारदारहरू दामोदर पाँडेदेखि चिढिएका थिए । अंग्रेज व्यापारी मिष्टर ल्वाएड र मिष्टर प्रोक्टर नेपालमा प्रवेश गर्न राहदानीको माग गर्दै थिए तर समयमा नेपाल सरकारबाट त्यसको स्वीकृति भएन । मूलकाजी र नायव महारानी सन् १८०१ को सन्धिलाई कायमै राखी, रणबहादुर शाहलाई वनारसमै रोकी राख्न सकेमा शान्तिसँग नेपालको प्रशासन चलाउन सकिन्छ भन्ने विचारमा थिए । रणबहादुर शाहको उद्दण्ड स्वभाव दामोदर पाँडेले राम्ररी बुझेका थिए । त्यसैले सन्धिको विरोध गर्ने धेरै भारदारहरू, अमरसिंह थापा, रणजीत पाँडे र त्रिभुवन खवास आदिलाई उनले हनुमानढोका, चारखालमा नजरबन्द गरी राखेको कुरा नक्सले गभर्नर जनरललाई लेखेको पत्रमा उल्लेख छ । रणबहादुर शाहलाई वनारसमा रोक्ने उद्देश्यले आफ्ना एक मित्रलाई दामोदर पाँडेले पत्राचार गरेका थिए । तर सम्वन्धित व्यक्तिको गल्तिले गर्दा उक्त पत्र रणबहादुर शाहको हातमा पर्न गयो भन्ने कुरा नेपालमा सुनिएको थियो ।[३४] नेपालको प्रशासनमा स्थान नपाएका धेरै भारदारहरू वनारसमा रणबहादुर शाहसँग मिल्न पुगेकाले दामोदर पाँडेको पक्ष कमजोर हुन गयो ।

कम्पनीले वनारसमा रणबहादुर शाहमाथि लगानी गरेको सबै रकम समयमा चुक्ता नगरेमा नक्सले नेपाल छोड्ने भन्ने दिएको धम्कीअनुसार, वि.सं. १८६० मा नेपाल छोडेर उनी कलकत्ता पुगे । नक्सलाई त्यहाँ पनि रणवहादुर शाहले आफ्नो पक्षमा लिने असफल प्रयास गरे । नक्स फर्की सकेपछि पनि रणवहादुर शाहको किस्ता नेपालले चुक्ता गरेर सन् १८०१ को सन्धिलाई कायम राख्न नेपाल इच्छुक छ

भन्ने आशयको पत्र गजराज मिश्रमार्फत् अंग्रेजलाई पठाएको थियो । तर राजदूतलाई फिर्ता पठाउने कुरामा कम्पनी सरकार राजी भएन । दरवारमा भएको चर्को विवादको कारण नेपालले सन्धिलाई कार्यान्वयन गर्न सक्छ भन्ने कुरामा उनीहरू विश्वस्त भएनन् । 'आफूले चाहेजस्तो गर्न नपाइने र धेरै संकटको सामना गर्नु पर्ने' भन्ने नक्सले दिएको रिपोर्टको आधारमा आफ्नो खर्च पिटाएर रणबहादुर शाहलाई वनारसमा राखी रहनु पर्ने आवश्यकता कम्पनी सरकारले देखेन । त्यसैले गभर्नर जनरल वेलेस्लीले जनवरी, सन् १८०४ मा सन् १८०१ को वाणिज्य सन्धि भंग भएको औपचारिक घोषणा गरी रणबहादुर शाहलाई आफ्नो निगरानीबाट मुक्त गरे । तत्कालीन नेपाल सरकारदेखि रिसाएका कम्पनी सरकार, रणबहादुर शाह नेपाल फर्केपछि ठूलो रक्तपात मचाउने छन्, भन्ने सुइको पाएर कलकत्ताबाट त्यसको मज्जा हेर्ने अपेक्षामा थियो ।[३५]

वनारसमा कम्पनीको बन्धनबाट मुक्त भइसकेपछि रणबहादुर शाह आफ्ना समर्थकहरूका साथ काठमाण्डौ फर्कने तयारीमा लागे । दामोदर पाँडेको हातबाट नेपालको प्रशासनको बागडोर खोसेर लिने उद्योगमा भीमसेन थापा वनारसमा सूत्रधारको रूपमा अग्रसर भईरहेका थिए । उक्त योजनाअनुसार वर्तमान भारदारी सभा विघटन गरी भीमसेन थापा प्रधानमन्त्री, रङ्गनाथ गुरुजुलाई राजगुरु, दलमञ्जन पाँडे र रणजीत पाँडे, त्रिभुवन खवास, चौतरिया शेरवहादुर शाही आदि खोसुवामा परेकाहरूलाई पनि भारदारीमा सम्मिलित गराउने थियो । काठमाण्डौमा सजधजका साथ फर्कने खर्चको व्यवस्था पनि रङ्गनाथ पण्डितको प्रयासबाट भइसकेको थियो ।[३६]

रणबहादुर शाह नेपाल फर्कने भएपछि वाटो खर्चको व्यवस्था गरी नेपाल सरकारले उनलाई काठमाण्डौमा भित्र्याउने र पछि निगरानीमा राख्ने निर्णय गर्‍यो । यो काम कम जोखिमपूर्ण थिएन । तैपनि दामोदर पाँडे यसको जिम्मा आफ्नै काँधमा लिन तयार भए । सन्यास लिईसकेका स्वामीज्यूलाई काठमाण्डौमा भित्र्याउन नमिल्ने भएकाले हाललाई शहर वाहिर भद्रकाली मन्दिरको नजिक टुँडिखेलमा पाल टाँगेर राख्ने व्यवस्था गरियो । स्वामीज्यूबाट भद्रकालीको पूजा गराउनका लागि पनि पूजा सामग्री तयार गरिएको थियो । स्वामिज्यूलाई आदरपूर्वक स्वागत सत्कार गरी त्यसपछि नजरबन्द गरी काठमाण्डौमा भित्र्याउने उद्देश्यले नरसिंह गुरुङको नेतृत्वमा एक सैनिक दल खटिई सकेको थियो । स्वामिज्यूले माग गरेअनुसार सीमा क्षेत्रसम्मको सुरक्षाको निमित्त कम्पनी सरकारतर्फबाट खटाइएका केही पुलिसहरूका साथ रणबहादुर शाहलाई आईरहेको टाढैबाट देखेपछि नरसिंह गुरुङलाई रणबहादुर शाह कम्पनी सरकारसँग मिलीसकेको भान भएछ र उनले आफ्नो सुरक्षाका खातिर रणबहादुर शाहसँग मिल्नुमा नै श्रेयस्कर देखे ।

## दामोदर पाँडेको पतन–साठी साल पर्व

कार्यक्रमअनुसार फागुन २१ गते दामोदर पाँडे र प्रवल राना सेनाका साथ थानकोट पुग्दा उनीहरूले त्यहाँ पासा पल्टिसकेको देखे । सेनाको अग्रपंक्तिमा रहेका दामोदर पाँडेलाई परैवाट देखेपछि एक क्षण त रणबहादुर शाह नतमस्तक भए र उनको अनुहारको रंग उड्यो । तत्काल भीमसेन थापाको सल्लाहअनुसार उनले निडर भई



सेना र जनता समक्ष ठूलो स्वरले "तिमीहरू मेरो पक्षमा हुन्छौ कि दामोदर पाँडेको पक्षमा ..." भनेर सम्वोधन गरे । तिनीहरूबाट रणबहादुर शाहको पक्षमा हुने संकेत पाएपछि, दामोदर पाँडे, उनका छोरा र प्रवल राना पक्राउमा परे । केही दिन पछि रणबहादुर शाहको आदेशपत्रको आधारमा दामोदर पाँडे र उनका छोरालाई जल्लादद्वारा बध गर्न लगाए ।[३७] फौजका साथ दामोदर पाँडे थानकोटमा पुग्दा फौजले उल्टो रणवहादुर शाहको स्वागत गरेपछि भागेका दामोदर पाँडेलाई फौजले लखेटेर भद्रकालीनिर काटे भनी गलत उल्लेख पनि कता कतै भएको पाइन्छ । भीमसेन थापाको शासनको अन्ततिर नुवाकोटका धामीले राजेन्द्रविक्रम शाहलाई बुझाएको रिपोर्टमा उल्लेख भएअनुसार, वनारसबाट काठमाण्डौतिर अघि वढीरहेका रणवहादुर शाहलाई छेक्न गएका दामोदर पाँडे र प्रवल रानालाई शेरबहादुर शाही आफ्नो साथमा भएकाले रणवहादुर शाहले फौजलाई हुकुम दिई त्यहाँदेखि तिनीहरूलाई बाँधी ल्याए । जेठी महारानीलाई हेलम्बुमा धपाई दिएपछि पूर्व सरकारद्वारा काठमाण्डौमा कैद गरिएका सबैलाई मुक्त गरियो । त्यसको २०।२५ दिनपछि भारदारहरूलाई काट्न शुरु गरे । त्यसमा पहिलो शिकार दामोदर पाँडे र उनका छोराहरू– रणकेशर र गजकेशर भए । काजी भीम खवास, सरदार इन्द्रमान खत्री, द्वारे सपनसिं, सुवेदार शंखधर, मानधन जम्मा आठजना उक्त घटनामा काटिए । भीम खवासका एक छोरालाई उँधोमुण्टो गरी झुण्ड्याए भने उनको अर्को छोराको आँखा झिकियो । अर्को श्रोतअनुसार दामोदर पाँडे, उनका छोरा रणकेशर पाँडे, उनका पक्षमा मिलेका काजी भीम मुखिया, भारदार इन्द्र, सर्दार सपं सिंह दुओ (दुवाल) जम्मा पाँचजना मारिए । दुईजनाको आँखा झिकियो, एकजना उँधोमुण्टो पारी झुण्ड्याइयो ।[३८] दामोदर पाँण्डेको वि.सं. १८५८ को नुवाकोट भैरवीस्थानको घण्टाको अभिलेखमा रणकेशर पाँडेको नाम उल्लेख नभएको र पाँडेवंशावलीमा भने सो नाम उल्लेख भएकाले यहाँ निर अलि अन्योल देखिन्छ ।

सुन्दरानन्दको लेखाईमा– रणवहादुर शाह वनारसबाट फर्केर लुमडीमा रहँदा शङ्का लागेका, लुकेर बसेका तथा भागेकाहरूलाई समात्ने काम भयो । उनको दरवारमा प्रवेशपछि, उनलाई काशीमा रोक्ने तथा काशीबाट फर्कदा बाटो छेक्नेहरूमा को को पर्छन् भन्ने निर्णय गर्न ६ थरघरका र बस्नेत, थापा, खड्काहरूलगायत सभासद भएको भारदारी गरे । दोषी ठहरेकाहरूलाई दिइएको दण्डबारे त्यसमा उल्लेख भएको छ । तर दामोदर पाँडे, उनका छोरा र समर्थकहरूले पाएको सजायबारे चाहिँ उल्लेख छैन । ग्रन्थ लामो हुने भएकोले तिनीहरूको सजायबारेमा विस्तार नगरेको भनी लेखे तापनि, त्यसबेला रणजंङ पाँडेको शक्ति बढीसकेकाले लेखक माथि उनको कुदृष्टि नपरोस् भनी त्यसरी खुलासा नगरेको अड्कल पनि कुनै कुनै इतिहासकारहरूले गरेका छन् ।[३९]

लुमडीको सत्तलको छिडीमा कैदी अवस्थामा रहँदा दामोदर पाँडेलाई उनका साथी प्रवल रानाले ज्यान जोगाउन दुवैजनाले भाग्नु पर्ने प्रस्ताव राख्दा उनले साफ इन्कार गरे । आफ्नो ज्यान जोगाउन अरुको आश्रय माग्न जाँदा, आफ्ना गौरवशाली पुर्खाको समेत नाममा धब्बा लाग्ने भएकोले त्यसो नगर्ने उनले आफ्नो विचार

पोखे । त्यसपछि प्रवल राना मात्र भागेर ज्यान जोगाउन सफल भए । उनी भागेपछि त्यसको असर दामोदर पाँडेमाथि परेर उनीमाथि लगाइएको निगरानी अझ कठोर हुन गयो । दामोदर पाँडे जीवित भएसम्म प्रशासनमा पूर्णरूपले कब्जा जमाउन नसक्ने भएकाले तत्कालीन भारदारी सभाले उनलाई काट्नु पर्ने ठहर गर्‍यो । उनलाई टाढा लगेर काटिदा फौजलाई धाहा भएर भड्किने डर भएकाले लुमडी नजिकैको मसानघाट (हाल राष्ट्रिय समाचार समितिको भवन बनेको स्थान) मा चैत्र ३ गते काट्न लगाइयो । उनका छोरा र अन्य समर्थकहरूलाई विष्णुमतीमा काट्न लगाइयो । दामोदर पाँडेका अन्य छोराहरू– करवीर पाँडे, रणजंग पाँडे र नातीहरू भाग्न सफल भए । दामोदर पाँडेका अवलाहरू काठमाण्डौबाट निकालिए र तिनीहरूको सर्वस्व हरण पनि भयो । उनका एक छोरा कुमाऊँका हाकिम भएर बसेकोमा, अमरसिंह थापाले नेल हतकडीसमेत लगाई काठमाण्डौ पठाउँदा सो कष्ट सहन नसकी बाटैमा उनको अन्त भयो ।[४०] तर यिनी कुनचाहिँ छोरा थिए भनी एकीन गर्न बाँकी नै छ ।

दामोदर पाँडेसँगै वि.सं. १८६० सालमा उनका धेरै समर्थकहरूले पनि रणबहादुर शाहको कोपभाजनको शिकार बन्नु पर्‍यो । आफुले तयार गरेको योजनामा आफ्नै सहपाठीहरूको असमझदारीपना, चौतरा र काजीहरू (पदबाट बरखास्त भएका) को भित्री षडयन्त्र, आफ्नै सगोत्र भाइ-भतिजाहरू पनि विरोधी पक्षमा सामेल भई दिंदा र थापाहरूको जालझेलमा लागेर रणबहादुर शाहले सत्ता पुनः हत्याउन हुने नहुने मार्ग अपनाएकाले दामोदर पाँडेको भयानक अन्त हुन गयो । रणबहादुर शाहका अनेक चारित्रिक दुर्गुणहरूका कारण घट्न गएको यो वि.सं. १८६० सालको पर्वको प्रमुख कारण भने, थापाहरूको रणबहादुर शाहलाई अग्रसर गराएर प्रशासनमा उच्चता हासिल गर्ने महत्त्वाकांक्षालाई नै लिन सकिन्छ । अनेकौं जोखिमपूर्ण युद्धहरूमा भाग लिएर मुलुकको सुरक्षा गर्नमा ज्यानको पर्वाह नगर्ने काजी दामोदर पाँडेमाथि व्यक्तिगत रिसराग नराखी, आफ्ना समर्थकहरूको बहकाऊमा नलागी रणबहादुर शाहले उनलाई नकटाई जोगाई राखेको भए, सायद वि.सं. १८६३ सालको घटना घट्ने थिएन होला । १९ औं शताब्दीको शुरुमा पाँडेहरू (काला पाँडे) धेरै शक्तिशाली थिए । भीमसेन थापाले उनी र उनको शक्तिशाली परिवारलाई तहसनहस पारेर शक्ति हत्याउन सफल भए । पाँडेहरूलाई कटाएर, निर्वासित गराएर, सम्पत्ति जफत गरेर सर्वेसर्वा बन्न पुगेका भीमसेन थापाले तीन दशकपछि त्यसको पुरै हिसाब चुक्ता गर्नुपर्‍यो । उनको कारण तीस वर्षसम्म पाँडेहरूले आफूलाई विस्थापित गर्ने साहस गर्न सकेनन् ।[४१] तीन दशकको समयसम्म "बापवैरी साध्ने" प्रयासमा लागेका रणजंग पाँडेले वि.सं. १८९१ मा अकस्मात देखापरेर गुमेको पारिवारिक प्रतिष्ठा र अधिकारको निमित्त राजामा निवेदन चढाए । जेठी महारानी साम्राज्यलक्ष्मी देवी पनि उनकै पक्षमा भएकाले उनको समर्थन पाएर राजनीतिमा तहल्का मचाए । वि.सं. १८९४ मा औपचारिक रूपले आफ्ना पिताको मातहतमा रहेको भूमि र प्रतिष्ठालाई रणजंग पाँडेले प्राप्त गरे । बाबुकै प्रतिष्ठाका कारण वि.सं. १८९५ को शुरुमा उनी कमाण्डर–इन–चीफ बने, रणदल पाँडे पाल्पाका गभर्नर बने र करवीर



पाँडे राजाका बस्त्र भण्डारमा हर्ताकर्ता बने । वि.सं. १८९६ मा मूलकाजी बनेका रणजंग पाँडेले भीमसेन थापाको दर्दनाक पतन गराएर पिताको हत्याको बदला लिए ।[४२]

साठीसाल पर्वपछि भीमसेन थापाको लामो शासनकालभरि दामोदर पाँडेको योगदानका सबै कुरा दबेर बसे । त्यसलाई उजागर गर्ने प्रयास र साहस समेत कसैले नगरेर त्यसो गर्नु खतरा उठाउनु हो भन्ने महसूस मात्र गरे । भीमसेन थापाको एकछत्र शासन अवधिभित्र राजा, राजसहायक र मुख्तियारको बारेमा मात्र गुणगान गर्ने, इतिहास लेख्ने-लेखाउने परीपाटी भएकोले 'अंग्रेजसँग सन्धि गर्ने, रणबहादुर शाहलाई वनारसमै रोकी राख्ने प्रयासमा लागेका' भनी अभियोग लगाएर कटाइएका दामोदर पाँडेबारे लेख्ने साहस त्यसवेला कसमा थियो होला ? तर दामोदर पाँडेको एक्लो प्रयासबाट मात्र त्यसबेला अंग्रेजसँग नेपालको बाणिज्य सन्धि भएको थिएन । देशमा उत्पात मचाएर आफ्नै छोराको वैधानिक सरकारलाई हाँक दिएर गरेको प्रयास असफल भएपछि अंग्रेजी भूमिमा गएर उनीहरूकै सहयोगबाट नेपालमा फर्केर पुनः सत्ता हत्याउन खोज्ने रणबहादुर शाहको नियतलाई नेपालका भारदारहरूले समर्थन गरेनन् । सन्धिको हर्ताकर्ता बनेका गजराज मिश्र, सन्धिपछि नेपाल र अंग्रेज कम्पनी सरकार दुवैतिरबाट फाइदा उठाउन चाहन्थे । अंग्रेजकै सहायताबाट नायव महारानी सुवर्णप्रभा पनि आफ्ना छोरा रणोद्योत शाहलाई गीर्वाणयुद्धविक्रम शाहको स्थानमा राजा घोषित गर्न चाहन्थिन् । स्वयम् अंग्रेजहरूले पनि रणबहादुर शाहलाई विश्वास नगरी नेपाल सरकारको सहायता गरेर त्यसबाट तिब्बत र चीनसँगको व्यापार पारवहन सुविधा प्राप्त गर्न चाहन्थे । रणबहादुर शाहकै वनारस पलायनबाट नेपालमा उक्त परिस्थितिको सृजना भयो, कि त्यसबेला नेपालसँग दुइवटा विकल्पहरू मात्र रहन गए । ती हुन् १. नेपालसँग अंग्रेज कम्पनी सरकारले जोड्न खोजेको दौत्य सम्बन्धलाई नेपाल सरकारले वेवास्ता गरी उनीहरूकै सहयोगबाट रणबहादुर शाहलाई नेपालमा पस्न दिने या २. नेपालले अंग्रेज कम्पनी सरकारसँग वाणिज्य सन्धि गरी तीर्थवास गएका रणबहादुर शाहलाई नेपालको शान्ति सुरक्षा खातिर तीर्थमै राखेर उनको जीविकाको व्यवस्था गर्ने । देशमाथि पर्न आउने भावी खतराको विचार गरेर दामोदर पाँडेका पक्षधर या तत्कालीन सरकारले दोश्रो विकल्पलाई रोजे । परिस्थितिको मागअनुसार देशको शान्ति सुव्यवस्थाको निमित्त नेपालले विदेशीको मुख ताक्ने गरेको (चीन या भारतसँग मद्दत माग्ने गरेको) इतिहास नौलो थिएन ।[४३] राजनैतिक परिस्थितिको शिकार बनेका दामोदर पाँडेको देश सेवाको अर्थ विपक्षीले गलत किसिमबाट लगाउँदा त्यसको मूल्य चुकाउन उनले ज्यानै दिनुपर्‍यो । त्यसपछि दामोदर पाँडेलाई सम्झना गराउने कुनै प्रयास देशभित्र र बाहिर पनि भएको देखिँदैन । रणजंग पाँडेको छोटो शासनकालमा पनि त्यसतर्फ धेरै ध्यान दिन सकेको देखिँदैन । काठमाण्डौको असनचोकमा निर्मित ज्वालामाई मन्दिरभित्र दामोदर पाँडे र उनकी श्रीमतीको शालिक राखिएको छ । करीव डेढफुट उँचाईको उक्त ढुंगाको शालिकको पादपीठमा "श्री काजी दामोदर पाँडे श्री अयोध्यादेवी" लेखिएको छ । स्थानीयवासीहरू उक्त मन्दिरलाई पाँडेहरूको मन्दिर

पनि भन्दा रहेछन् । करवीर पाँडेको प्रयासबाट उक्त सालिक राखिएको देखिन्छ तर त्यसबारे भने धेरैलाई थाहा नभएको बुझियो ।

दामोदर पाँडेपछि, कोतपर्वसम्म क्याप्टेन, कपर्दार र काजी पदमा समेत सेवारत पाँडे परिवारबाट पनि उनीबारे केही पनि प्रचार प्रसार भएको देखिंदैन । "देशभक्ति दण्डित हुने भीम मल्ल र भीमसेन थापाका कथाव्यथाहरूको अभिशप्त इतिहासबाट हामी नेपालीले कहिले गएर छुट्कारा पाउने हौं ?" भन्ने पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई जस्तै शीर्षस्थ नेताहरूका देशभक्तहरूको उल्लेख भएको भाषणमा, काजी दामोदर पाँडेको नाम पनि समावेश हुनु पर्नेमा त्यसो भएको छैन । के अहिले पनि उनलाई ओझेलमा राख्नु ठीक होला ? आज सामाजिक, शैक्षिक र राजनैतिक क्षेत्रमा राष्ट्रिय स्तरबाट गरिने प्रयासहरूका फलस्वरूप दामोदर पाँडेका योगदानहरू प्रकाशमा आउन सके, उनको विवादपूर्ण राजनैतिक जीवनमा नयाँ दृष्टिकोण थपिन जाने विश्वास गर्न सकिन्छ । त्यसपछि मात्र उनले राष्ट्का निमित्त गरेको योगदानको कदर सबै पक्षले गरेको मानेर उनको सैनिक जीवनजस्तै राजनैतिक जीवन पनि स्वच्छ बन्ने छ भन्ने कुरामा दुईमत नहोला ।

**पादटिप्पणी**

१. बाबुराम आचार्य, *अब यस्तो कहिल्यै नहोस्*, काठमाण्डौः श्रीकृष्ण आचार्य, वि.सं. २०५५, पृ. २२ ।
२. T.R. Vaidya, *Advanced History of Nepal*, New Delhi: Anmol Publications P.V.T., L.T.D., 1994, p.139.
३. योगी नरहरिनाथ, *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह*, नेपालः दाङ आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृ. ४५ ।
४. आचार्य, पादटिप्पणी नं. १, पृ. २५–२६ ।
५. Francis Buchanan Hamilton, *An Account of the Kingdom of Nepal*, New Delhi: Asian Educational Services, 1990, p. 252-253, आचार्य, पादटिप्पणी नं. १, पृ. २७ र दिनेशराज पन्त, "दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे", *पूर्णिमा*, १० पूर्णाङ्क, वर्ष ३, अङ्क २, वि.सं. २०२३, पृ. ५१ ।
६. Vaidya, पादटिप्पणी नं. २, पृ. १४४–१४५।
७. Bikramajit Hasarat (ed.), *History of Nepal*, Hoshiyar Poor: V.V. Research Centre Press, 1970, p. 200 .
८. चित्तरञ्जन नेपाली, *श्री ५ रणबहादुर शाह*, काठमाण्डौः रत्नपुस्तक भण्डार, वि.सं. २०४४ (दो.सं.), पृ. १३४–१३६ ।
९. भीमबहादुर पाँडे क्षेत्री, *राष्ट्रभक्तिको झलक*, काठमाण्डौः रत्नपुस्तक भण्डार, वि.सं. २०४१, पृ. ४३ र दिनेशराज पन्त, "लाहोरमा नेपाली बीरहरू", *पूर्णिमा*, वर्ष २, अङ्क १, वि.सं. २०२२, पृ. ६३ ।
१०. धनवज्र बज्राचार्य र ज्ञानमणि नेपाल (सम्पा.), शक्ति बल्लभ अर्ज्याल, विरचित *जयरत्नाकर-नाटक*, काठमाण्डौः नेपाल सांस्कृतिक परिषद्, वि.सं. २०१४, पृ. ३१।
११. तोत्रराज पाण्डेय र नयराज पन्त, *नेपालको संक्षिप्त इतिहास*, काठमाण्डौः खिलशर्मा–राजीबलोचन जोशी स्मारक प्रतिष्ठान, वि.सं. २०६०, दोश्रो संस्करण, पृ. १०६ ।



१२. बाबुराम आचार्य, *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*, नेपालः श्री ५ बडामहाराजाधिराजका प्रमुख संवाद सचिवालय राजदवार, भाग ४ वि.सं. २०२५, पृ. ६७२ र पाँडे क्षेत्री, पाटटिप्पणी नं. ९, पृ. ६३–६४ ।
१३. बाबुराम आचार्य, "गोरखा विजयकालका घटना", *पूर्णिमा*, पूर्णाङ्क २७, वर्ष ७, अङ्क ३, वि.सं. २०२९, पृ. १६८–१७१ र पाँडे क्षेत्री, पाटटिप्पणी नं. ९, पृ. ६६ ।
१४. पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. ६८ ।
१५. Ludwig F. Stiller, *The Rise of the House of Gorkha*, Ranchi: The Patna Jesuit Society, 1975, p. 207-208, र दिनेशराज पन्त, "परराष्ट्र मन्त्रालयमा रहेका सामग्री" *पूर्णिमा*, वर्ष २० अङ्क १, वि.सं. २०४७, पृ. ४४ ।
१६. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ (सम्पा.), *शाहकालका अभिलेख*, काठमाण्डौः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७, पृ. २२९ ।
१७. वज्राचार्य र नेपाल (सम्पा.), पादटिप्पणी नं. १०, पृ. ३१, १३३, पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. ७९ र पन्त, पादटिप्पणी नं. ५, ९ पूर्णाङ्क , वर्ष ३, अङ्क १, पृ. ४३–४५ ।
१८. वज्राचार्य र श्रेष्ठ (सम्पा.), पादटिप्पणी नं. १६, पृ. २२८ ।
१९. नेपाली, पादटिप्पणी नं. ८, पृ. ५८ ।
२०. आचार्य, पादटिप्पणी न. १, पृ. ४९ ।
२१. Hamilton, पादटिप्पणी नं. ५, पृ. २५४–२५५, पाण्डेय र पन्त, पादटिप्पणी नं. ११, पृ. १०४ र D.R. Regmi, *Modern Nepal*, Vol 2, Calcutta: Firma K.L. Mukhopadhyay, 1975, p. 71-72.
२२. Ramakant, *Indo Nepalese Relations*. Delhi: S. Chand and Comp., 1968, p.16 र पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. १०५–१०७ ।
२३. Stiller, पादटिप्पणी नं. १५, पृ. ३०७–३०८ र ३११ र महेशराज पन्त "नेपाल अंग्रेज युद्धको तयारी", *पूर्णिमा*, वर्ष १ अङ्क २, वि.सं. २०२१, पृ. ७१ ।
२४. पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. ११२–११३, आचार्य, पादटिप्पणी नं. १, पृ. ३२, Vaidya पादटिप्पणी न. २, पृ. १५१ र Leo E. Rose, *Nepal Strategy for Survival*, Los Angeles: 1971, p. 77.
२५. योगी नरहरिनाथ, पादटिप्पणी नं. ३, पृ. ५९-६१ र नेपाली, पादटिप्पणी नं. ८, पृ. १३६-१३७ ।
२६. B. D. Sanwal, *Nepal and the East India Company*. New Delhi: Asia Publishing House, 1965, p. 105. र पाँडे क्षत्री, पादटिप्पणी नं. ९, पृ. ९९-१०० ।
२७. Sanwal, ऐजन पृ. १०७, Hasrat, पादटिप्पणी नं. ७, पृ. २१०–२११, A. Ambrose Oldfield, *Sketches from Nepal*, Vol I, India: Cosmo Publications, 1981, p. 289 र बज्राचार्य र श्रेष्ठ (सम्पा.) पादटिप्पणी नं. १६, पृ. ३२८–३२ र ४७५ ।
२८. Sanwal, ऐजन, पृ. १०७–११० ।
२९. Stiller, पादटिप्पणी नं. १५, पृ. ३११ ।
३०. Hamilton, पादटिप्पणी नं. ५, पृ. २५५ ।
३१. पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. ११० ।
३२. आचार्य, पादटिप्पणी नं १, पृ. ३०–३१ ।
३३. पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. १११–११२ ।
३४. Hamilton, पादटिप्पणी नं. ५, पृ. २५४।
३५. पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. ११५ ।

३६. आचार्य, पादटिप्पणी नं. १, पृ. ३२ ।
३७. Hamilton, पादटिप्पणी नं. ५, पृ. २५८–२५९ ।
३८. नेपाली, पादटिप्पणी नं. ८, पृ. ७१, आचार्य, पादटिप्पणी नं. १, पृ. ५० र पन्त, पादटिप्पणी नं. ५, पृ. ५३ ।
३९. धनवज्र वज्राचार्य (सम्पा), पण्डित सुन्दरानन्द विचरित, *त्रिरत्न-सौन्दर्य गाथा,* काठमाण्डौ: नेपाल सांस्कृतिक परिषद्, वि.सं: २०१९, पृ. १८७ ।
४०. आचार्य, पादटिप्पणी नं. १३, पृ. १७२ र आचार्य, पादटिप्पणी नं. १, पृ. ३५– ३७ ।
४१. William Wilson Hunter, *Life of Brian Houghton Hodgson*, New Delhi: Asian Educational Services, 1991, Reprint, p. 142-143.
४२. Oldfield, पादटिप्पणी नं. २७, पृ. ३१०–३१२ ।
४३. पाँडे क्षेत्री, पादटिप्पणी नं. ९, पृ. ९६–९८ ।
४४. धुब सिम्खडा,"किसुनजीको नयाँ चाहना .. " *नेपाल,* वर्ष ४, अङ्क १४, वि.सं. २०६० फागुन, पृ. २१ ।

**सन्दर्भग्रन्थसूची**


Hamilton, Francis Buchanan. 1990. *An Account of the Kingdom of Nepal.* New Delhi: Asian Educational Services.

Hasarat, Bikramajit. (ed.). 1970. *History of Nepal.* Hoshiyar Poor: V.V. Research Centre Press.

Hunter, William Wilson. 1991. *Life of Brian Houghton Hodgson.* New Delhi: Asian Educational Services, Reprint.

Oldfield, Ambrose. 1981. *Sketches from Nepal.* Vol I, India: Cosmo Publications.

Ramakant. 1968. *Indo Nepalese Relations.* Delhi: S.Chand and Comp.

Regmi, D.R. 1975. *Modern Nepal.* Vol 2, Calcutta: Firma K.L. Mukhopadhyay, p. 71-72.

Rose, Leo E. 1971. *Nepal Strategy for Survival.* Berkely: University of California Press.

Sanwal, B.D. 1965. *Nepal and the East India Company.* New Delhi: Asia Publishing House.

Stiller, Ludwig F. 1975. *The Rise of the House of Gorkha.* Rachi: The Patna Jesuit Society.

Vaidya, T.R. 1994. *Advanced History of Nepal.* New Delhi: Anmol Publications P.V.T., L.T.D.

आचार्य, बाबुराम, वि.सं. २०५५, *अब यस्तो कहिल्यै नहोस्,* काठमाण्डौ: श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम, वि.सं. २०२५, *श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाह,* नेपाल: श्री ५ बडामहाराजधिराजका प्रमुख संवाद सचिवालय राजदवार, भाग ४ ।

आचार्य, बाबुराम, वि.सं. २०२९, "गोरखा विजयकालका घटना", *पूर्णिमा,* पूर्णाङ्क २७, वर्ष ७, अङ्क ३ ।

नेपाली, चित्तरञ्जन, वि.सं. २०४४ (दो.सं.), *श्री ५ रणबहादुर शाह,* काठमाण्डौ: रत्नपुस्तक भण्डार ।

पन्त, दिनेशराज, वि.सं. २०२३, "दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे", *पूर्णिमा,* १० पूर्णाङ्क, वर्ष ३, अङ्क २ ।

पन्त, दिनेशराज, वि.सं. २०४७, "परराष्ट्र मन्त्रालयमा रहेका सामग्री" *पूर्णिमा,* वर्ष २० अङ्क १, आश्विन ।





पन्त, दिनेशराज, वि.सं. २०२२, "लाहोरमा नेपाली बीरहरु", *पूर्णिमा,* वर्ष २, अङ्क १ ।

पन्त, महेशराज, वि.सं. २०२१, "नेपाल अंग्रेज युद्धको तयारी", *पूर्णिमा,* वर्ष १ अङ्क २ ।

पाण्डेय, तोत्रराज र नयराज पन्त (दो.सं.), वि.सं. २०६०, *नेपालको संक्षिप्त इतिहास,* काठमाण्डौ: खिलशर्मा–राजीबलोचन जोशी स्मारक प्रतिष्ठान ।

पाँडे क्षेत्री, भीमबहादुर, वि.सं.२०४१, *राष्ट्रभक्तिको झलक,* काठमाण्डौ: रत्नपुस्तक भण्डार ।

वज्राचार्य, धनबज्र र टेकबहादुर श्रेष्ठ (सम्पा.), वि.सं. २०३७, *शाहकालका अभिलेख,* काठमाण्डौ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

वज्राचार्य, धनबज्र र ज्ञानमणि नेपाल (सम्पा.), वि.सं. २०१४, शक्तिबल्लभ अर्ज्याल विचरित *जयरत्नाकर-नाटक,* काठमाण्डौ: नेपाल सांस्कृतिक परिषद् ।

वज्राचार्य, धनवज्र (सम्पा.), वि.सं. २०१९, पण्डित सुन्दरानन्द विरचित *त्रिरत्न-सौन्दर्य गाथा,* काठमाण्डौ: नेपाल सांस्कृतिक परिषद् ।

योगी नरहरिनाथ, वि.सं. २०३३, *इतिहास प्रकाशसमा सन्धिपत्र संग्रह,* नेपाल: दाङ आध्यात्मिक सम्मेलन, पृ. ४५ ।

सिम्खडा, धुव, वि.सं. २०६०, फागुन "किसुनजीको नयाँ चाहना ... ", *नेपाल,* वर्ष ४, अङ्क १४ ।




*श्री ज्वालामाइको मन्दिरभित्रको दामोदर पाँडे दम्पतिको सालिक*